कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
५ नं प्रदेश, नेपाल

फोन न.०७६-५६०३०५
०७६-५६०२०१
फ्याक्स न.०७६-५६००१९

पत्र संख्या : प्र. ०७५/०७६
चलानी नं. :

मिति- २०७५/०७/२७

विषय : सूचना ।

प्रस्तुत विषयमा यस नगरपालिका नगर कार्यपालिकाको मिति २०७५/०७/१९ गतेको बैठकले गरेको निर्णयानुसार यस नगरपालिका अन्तर्गतका वडा नं. १ देखि १२ वडामा कार्यालय सहायकको रुपमा काम गर्ने गरी करार सेवामा केही कर्मचारीहरु नियुक्ति गर्ने निर्णय गरेको हुनाले तपसिल बमोजिमको योग्यता भएका साविक सामाजिक परिचालक पदमा रही यस नगरपालिका अन्तर्गतका वडाहरुमा २०७५ आषाढ मसान्त सम्म काम काज गरेका व्यक्तिहरुले सोही पदमा निम्न शर्तहरुमा रही कामकाज गर्न इच्छुक भएमा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा आइ रीत पूर्वकको निवेदन दिनु हुन अनुरोध छ ।

२०७५/७/२७

विमलराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

तपसिल

१. नेपाली नागरिक हुनु पर्नेछ ।
२. मिति २०७५ आषाढ मसान्त सम्म सामाजिक परिचालक पदमा रही कामकाज गरेको हुनु पर्नेछ ।
३. दरखास्त फाराम लोक सेवा आयोगले तोके बमोजिमको हुनु पर्नेछ ।
४. दरखास्त दस्तूर यस न.पा.को राजश्व शाखामा रु. ३००/- तिरेको नगदी रसिद पेस गर्नु पर्नेछ ।
५. परीक्षाको किसिम : मौखिक अन्तर्वार्ता हुनेछ ।
६. शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (यस.इ.ई.) वा सो सरह उत्तीर्ण । विदेशबाट उत्तिर्ण हुनेले शैक्षिक योग्यताको प्रमाण पत्रको समकक्षता समेत पेस गर्नु पर्नेछ ।
७. शैक्षिक योग्यता र नागरिकताको प्रमाण पत्रहरुको प्रतिलीपि आफैले प्रमाणित गरि दरखास्त साथ पेस गर्नु पर्नेछ । अन्तर्वार्तामा उपस्थित हुदा सक्कलै प्रमाण पत्रहरु साथै लिइ आउनु पर्नेछ ।
८. दरखास्त बुझाउने अन्तिम मिति र समय : २०७५ मंसीर ३ गते कार्यालय समय सम्म ।
९. सम्पर्क मिति : २०७५ मंसीर ४ गते १०.० बजे अनिवार्य रुपमा स्वयं उम्मेदवार उपस्थित हुनु पर्नेछ ।
१०. अन्तर्वार्ता मिति र समय : सम्पर्क मितिका दिनमा तोकिनेछ ।
११. पारिश्रमिक : मासिक रु. १२,०००/-
१२. कामकाज गर्नु पर्ने स्थान : यस न.पा. अन्तर्गतका तोकिएको वडा कार्यालय ।
१३. करार अबधि : २०७६ साल आषाढ मसान्त सम्म ।
१४. सामाजिक परिचालक पदमा २०७५ आषाढ मसान्त सम्मको म्याद थपको पत्रको प्रतिलीपि पेश गर्नु पर्नेछ ।